# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।११।१९ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला पर्सा, छिपहरमाई गाउँपालिका वडा नं.-४, तुल्सीवरवा स्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयका प्रधानाध्यापक प्रभु गिरीले नेपाल बैङ्क लिमिटेड, श्रीपुर शाखा वीरगंजबाट कृषि ऋण मिलाइदिने बहाना बनाई सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाबाट खटिई गएको टोलीले निजलाई रु.१२,०००।-(बाह्र हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा श्री रेडक्रस प्राथमिक विद्यालय मुडली फूलवरिया, पर्साका प्रधानाध्यापक अब्बास मियाले आफ्नो जिम्मेवारी र पदीय दायित्व समेतको ख्याल नगरी कृषि कर्जा लिनका लागि बैंकका कर्मचारीलाई मिलाउनु पर्छ भनी रकमको बार्गेनिङ्ग गरी सेवाग्राहीलाई घुस रिसवत दिन बाध्य पारी पटक पटक रकम माग गरी घुस बापत रु.४०,०००।-(चालीस हजार) लिइसकेको र बाँकी रकमको सम्बन्धमा नेपाल राष्ट्रिय प्राथमिक विद्यालयका प्रधानाध्यापक प्रभु गिरी समेतको मिलेमतोमा रु.१२,०००।-(बाह्र हजार) लिइसकेको अवस्थामा निज प्रभु गिरीबाट उक्त रकम बरामद भएको अनुसन्धानबाट खुल्न आई निजहरू शिक्षकद्वय अब्बास मिया र प्रभू गिरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निज अब्बास मियालाई बिगो रु.५२,०००।-(बाउन्न हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम र निज प्रभु गिरीलाई बिगो रु.१२,०००।-(बाह्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता